गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या ४ मितिः२०८१/०९/१९

## भाग-२

## गोलन्जोर गाउँपालिका

# गोलन्जोर गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान कार्यविधि २०८१

गाउँ कार्यपालिकाबाट पारित मिति २०८१।०९।१९

# दुध उत्पादनमा आधारित अनुदान कार्यविधि २०८१

**प्रस्तावना**

यस गोलन्जोर गाउँपालिकालाई दुधमा आत्मानिर्भर बनाई यस गाउँपालिकाबाट दुध निकासी गरि यहाँका जनतालाई पशुपालन व्यवसायमा अग्रसर गराई स्वरोजगारको रुपमा अगाडी बढाउने उद्देश्यका साथ दूध उत्पादन कृषकलाई दुग्ध सहकारी मार्फत अनुदान दिई पशुपालन व्यवसायको विकास तथा विस्तार गर्ने गाउँपालिकाको निति तथा कार्यक्रम अनुसार गाउँपालिकाले दुग्ध किसानहरुलाई सहज तरिकाले अनुदान रकम वितरण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १० २ ले दिएको अधिकार प्रयोग गरि गोलन्जोर गाउँपालिकामा पशुपालन क्षेत्रका कृषकहरुको संख्या बृद्धि गरि दूध उत्पादनमा बृद्धि गर्ने कार्य अगाडी बढाउने कार्य गर्न गोलन्जोर गाउँपालिका प्रशासकीय कार्याविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम गोलन्जोर गाउँ कार्यापालिकाको मिति २०८१/०९/१९ गते बसेको बैठकको निर्णय बमोजिम यो कार्याविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

१.संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्याविधिको नाम गोलन्जोर गाउँपालिकाको दूध उत्पादनमा आधारित अनुदान वितरण कार्याविधि २०८१ रहने छ ।

ख. गाउँ कार्यपालिकाको यो कार्याविधि गोलन्जोर गाउँपालिकाको बैठकले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंङगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क. "कार्यालय " भन्नाले यस गोलन्जोर गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख. "दुग्ध उत्पादन सहकारी संस्था" भन्नाले दुध संकलन प्रशोधन तथा वितरण गर्ने सहकारी संस्था सम्झनु पर्छ ।

ग. "गाउँपालिका" भन्नाले गोलन्जोर गाउँपालिकालाई जनाउने छ ।

घ. "कार्यपालिका" भन्नाले गोलन्जोर गाउँकार्यपालिका सम्झनुपर्छ ।

ङ. "गाउ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा १ बमोजिमको गाउसभा सम्झनु पर्छ ।

च. "वडा अध्यक्ष" भन्नाले गाउँपालिकाको वडा समितिमा निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ ।

३.उदेश्यः यस कार्याविधिको उदेश्य देहाय वमोजिम हुनेछ ।

क. अनुदान वितरण नितिलाई प्रकृया मुखि र परिमाणमुखि तर्फ लैजाने ।
ख. दूध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।
ग. अनुदान सहि दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने ।
घ. साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने ।

४.अनुगमन तथा मुल्याङकन समितिः
क. प्रस्ताव मुल्याङ्कन गरी स्वीकृतका लागी सिफारिस गर्न तपशिल वमोजिमको एक समिति गठन गरिने छ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| लेखा अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

५.अनुगमन तथा मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः
क. मुल्याङ्कन समितिले मुल्याङ्कन तथा अन्य मापदण्ड तयार गरि प्रस्ताव स्वीकृतको लागी गाउँ कार्यापालिकामा पेश गर्ने पर्नेछ ।
ख. मुल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड वमोजिम मुल्याङ्कन गरी स्वीकृतका लागी गाउँपालिकामा पेश गर्ने।
ग. गाउँपालिका बाट दिइएको अनुदान रकम तथा सहकारीले पेश गरेको विवरण वारे मासिक रुपमा नियमित रुपमा समितिले अनुगमन गर्ने र गाउँ कार्यपालिकामा मासिक रुपमा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

६.प्रस्ताव आह्वावः दुग्ध उत्पादन सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्न १५(पन्ध्र) दिने म्याद दिई गाउँपालिका बाट अनुसुचि १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरिने छ।

७.प्रस्ताव दर्ताः दफा ५ बमोजिम समय अवधि भित्र दुग्ध उत्पादन सहकारी संस्थाहरुले अनुसुचि २ बमोजिम दिएको आवेदन पत्र साथ सम्वन्धी वडा कार्यालय सिफारिस पत्र सहित निवेदन गाउँपालिकाको पशु सेवा शाखामा निवेदन दर्ता गर्नु पर्ने छ ।

८.प्रस्ताव संकलनः आवेदन दर्ता गर्ने समय अवधि समाप्त भएपछी पशु सेवा शाखाले आवेदन संकलन गरि गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

९.प्रस्ताव मुल्याङ्कनः दफा ४ बमोजिम गठित मुल्याङ्कन तथा अनुगमन समितिले मुल्याङकन फारम अनुसार प्रस्तावहरु मुल्याङ्कन गरी आवेदक दुग्ध उत्पादक सहकारी संस्थाहरुले प्राप्त गरेको प्राप्ताङलाई सिलसिलेवार क्रमश कम्पाइल गरी गाउँ कार्यापालिकामा स्वीकृतको लागी सिफारिस गर्नेछ ।

१०.प्रस्तावको जानकारीः स्वीकृत भएका प्रस्तावहरुको जानकारी सम्वन्धी दुग्ध सहकारी संस्थालाई गाउँपालिकाको निर्णय भएको मितिले ७ दिन भित्र दिनु पर्नेछ ।

११.सम्झौताः

क. छनौट भएका दुग्ध उत्पालक सहकारी संस्थाहरु संग तहाँ सहकारीमा नियमित रुपमा दूध विक्रि गरिरहेको दुग्ध उत्पादक सदस्य कृषकहरुको विवरण सहित सम्झौता गर्न आउने १५ दिनको समयावधि दिई गाउँपालिकाले जानकारी गराउनु पर्नेछ ।

ख. उपदफा १ बमोजिमको समयभित्र सम्झौता गर्न आउने सहकारी संस्थासंग गाउँपालिकाले अनुसुचि ३ बमोजिम सम्झौता गरिदिनु पर्नेछ ।

ग. उपदफा १ बमोजिमको समयभित्र सम्झौता गर्न नआउने सहकारी संस्था स्वत छनौट रद्द भएको मानिनेछ ।

घ. प्राप्त अनुदान रकम सम्वन्धी कृषकलाई नदिइ दुरुपयोग गरेको पाइएमा अनुदान रकम प्रचलित ऐन नियम बमोजिम सरकारी बाँकि वक्यौता सरह असुल उपर गरिने छ ।

१२. यस कार्यक्रममा गाउँपालिकाबाट दुग्ध उत्पादक सहकारी संस्थाहरुमा दुध विक्रि गर्ने पशुपालन कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान वितरण गरिने छ ।

१३.अनुदान रकम सम्बन्धी दुग्ध उत्पादक सहकारी संस्थाको बैंक खातामा पठाइने छ र उक्त संस्थाले दुध विक्रि गर्ने कृषकहरुलाई अनुदान रकम बैक मार्फत कृषकको खातामा हाल्नु पर्नेछ । र सोको विवरण गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

१४.अनुदान रकम प्रति लिटर अधिकतम पाँच रुपैयाको दरले उपलव्ध गराइने छ ।

१५.कार्यक्रमको प्रभावकारिका आधारमा आवश्यकता अनुसार कार्यक्रमलाई निरन्तरता दिन सकिने छ।

१६.यस कार्यक्रमको लेखा लेखांकन लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धी व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१७.मापदण्डका आधारहरुः

क. दुग्ध उत्पादन सहकारी संस्थाले यस कार्याविधि अनुसार कार्यक्रम संचालन गर्न देहाय वमोजिमको मापदण्ड हुनु पर्नेछ ।

ख. दुग्ध उत्पादन सहकारी संस्थाले दैनिक कम्तिमा २०० लिटर संकलन गर्ने गरेको हुनु पर्नेछ ।

ग. वार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

घ. नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ ।

ङ. स्थायी लेखा नम्वर प्राप्त गरेको हुनु पर्नेछ ।

च. कर चुक्ता गरेको हुनु पर्नेछ ।

छ. सहकारीले कारोवार गरने गरेको दूधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

ज. सहकारी संस्थाले संस्थागत रुपमा दूध विक्रि गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

झ. विगतका वर्षहरुमा कुनै किसिमको कारवाही नपरेको हुनु पर्नेछ ।

ञ. दुग्ध उत्पादन सहकारी संस्थाले विगत १ वर्षदेखि नियमित कारोवार गरेको हुनु पर्नेछ ।

१८.प्रगति पठाउने प्रकृयाः

क. सहकारीले मासिक रुपमा प्रगति प्रतिवेदन गाउँपालिकाको पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

१९.कार्यक्रमको प्रभावकारीताः कार्यक्रमलाई प्रभावकारी र व्यबस्थित बनाउन अन्य संघिय तथा प्रदेश सरकारबाट कार्यावन्यन हुने आयोजनाहरुसंग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरि एकिकृत रुपमा कार्यक्रम संचालन गर्न सकिने छ ।

२०.संशोधनः यो कार्याविधि कार्यावन्यन सम्वन्धी वाधा अडचन गाउँपालिकाले फुकाउने छ ।

२१. बचाउः यस कार्याविधिमा उल्लेख भएका कुरामा यसै कार्याविधि र अन्य कुरामा प्रचलित कानुन वमोजिम हुनेछ ।

## अनुसूची १

### दुग्ध उत्पादक सहकारी संस्थाहरुको लागि प्रस्ताव आह्यावको ढाँचा।

प्रथम पटक प्रकाशित मितिः

गोलन्जोर गाउँपालिका सिन्धुलीको आ.व.०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा दफा १८ वमोजिम मापदण्ड पूरा गरेका इच्छुक दुग्ध उत्पादन सहकारी संस्थाहरुले सहभागी भई तँहा सहकारीमा नियमित रुपमा दूध विक्रि गरिरहेका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र गाउँपालिकामा अनुसूची २ वमोजिम आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागी गाउँ कार्यापालिकाको कार्यालयमा सम्पर्क राख्ने हुन समेत अनुरोध छ ।

**तपशिल**

क. दुग्ध उत्पादन सहकारी संस्थाले दैनिक कम्तिमा २०० लिटर दूध संकलन गरेको हुनुपर्दछ।
ख. बार्षिक कम्तिमा २०० दिन सम्म दूधको कारोवार गर्ने गरेको हुनुपर्नेछ।
ग. नियमित रुपमा बार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनुपर्दछ।
घ. स्थायी लेखा नम्बर प्राप्त गरेको हुनपर्दछ।
ङ. कर चुक्ता गरेको हुनुपर्नेछ।
च. सहकारीले कारोवार गर्ने गरेको दूधको गुणस्तर भित्र परेको हुनुपर्नेछ।
छ. सहकारी संस्थाले संस्थागत रुपमा दूध विक्री गरेको प्रमाण पेश गर्नुपर्नेछ।
ज. बिगतको बर्षहरुमा कुनै किसिमको कार्बाहिमा नपरेको हुनुपर्नेछ।
झ. दूध उत्पादनमा सहकारी संस्थाले बिगत एक वर्षदेखि नियमित दूध संकलन गरेको हुनुपर्नेछ।
ञ. सहकारी संस्थाको बैठको निर्ण प्रतिलिपी हुनुपर्नेछ।
ट. सम्बन्धित वडा कार्यलयको सिफारिस हुनुपर्नेछ।

## अनुसूची २

## दुग्ध उत्पादक सहकारी संस्थाले दिने आवेदन पत्रको ढाँचा

मितिः-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ग्वाल्टार
सिन्धुली।

**विषयः-कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे।**

प्रस्तुत विषयमा .................................. मितिमा प्रकाशित सुचना अनुसार यस दुध ......................... उत्पादन सहकारी संस्था को दुग्ध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहाना भएकाले सो प्रयोजनको लागी तपशिल अनुसारको विवरण र अन्य कागजात समेत संलग्न गरि आवेदन पेश गरेका छौं।

**तपशिलः**

१. कुल सदस्य संख्या (          )
२. कुल सदस्य संख्या मध्ये दूध उत्पादक सदस्य संख्या (          )
३. गत वर्ष कुल दूध संकलन लि.(औसत दैनिक..........लि मासिक.........लि बार्षिक..........लि)
४. गत वर्ष दूध कारोबार गरेको दिन................
५. गत वर्ष कूल अधिक्तम दूध संकलन.......................
६. गत वर्ष कूल न्यूनतम दूध संकलन........................
७. संस्थाबाट संकलित दूध बिक्री गरिने संस्थ

क)
ख)
ग)
घ)
ङ)

८. दूध बिक्रि गरेको प्रमाण सम्बन्धी कागजात तथा कृषकबाट खरिद, भुक्तानी गरेको भर्पाई (संकलन गर्नुपर्ने)
९. बार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण प्रतिलिपि (संकलन गर्नुपर्ने)
१०.रेकर्ड राख्न कम्प्युटरको प्रयोग भए/नभएको:
११.दूधको गुणस्तर परिक्षण गरि रेकर्ड राखि/जानकारी दिने गरेको/नगरेको:
१२.मिल्क एनालाइजरको प्रयोग भएकफ/नभएको:
१३.सहकारी दर्ता/नविकरणको प्रमाणपत्र:

१४.कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्डः
१५.कर चुक्ता प्रमाण पत्र
१६.वडा कार्यलयको सिफारिस (संकलन हुनुपर्ने)
१७.दूध विविधिकरण र विक्रि वितरण गरेको/नगरेकोः
गरेको भएः

क. कुन कुन पदार्थ बनाउने गरिन्छ.................
ख. दैनिक औसत परिमाण..........................
ग. विक्रि गर्ने बजार/स्थल..............................

१८.कुनै प्रकारको कारवाहिमा नपरेको बारेमा स्व-घोषणा (संकलन गर्नुपर्ने)
१९.दूध विक्रेता सदस्यको वित्तिय/सहकारी संस्थामा रहेको खाताको विवरणः

| क.सं. | नाम/थर | ठेगाना | वित्तिय/सहकारी संस्थाको नाम/ठेगाना | खाता नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**आवेदन**

पदाधिकारीको नाम/थरः
पदः
दस्तखतः
मितिः
सम्पर्क नं.:
सहकारी संस्थाको नामः
ठेगानाः
संस्थाको छापः

## अनुसुचि ३ : सम्झौता

### गाउँ कार्यापलिका कार्यालय र दुग्ध सहकारी संस्था बिच हुने सम्झौता पत्रको ढाँचा

गोलन्जोर गाउँपालिका यस पछी प्रथम पक्ष भनिने र दुग्ध उत्पादन सहकारी संस्था..........यस पछी दोश्रो पक्ष भनिने विच दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गरि यो द्धिपक्षी सम्झौता गरिएको छ ।

१.स्वीकृत भए अनुसारको अनुदान रकम दोश्रो पक्षलाई पहिलो पक्षले बैंक खातामा जम्मा गरि दिनेछ ।

२.दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने परिजिवि नियन्त्रत गर्ने र औषधी उपचार गरि रहेको अवस्थाको अखाध्य दुध विक्रि वितरणमा रोक लगाउने व्यवस्था मिलाउने तथा तोकिए अनुसारको सफा दूधको उत्पादन ढुवानी लगाएतका कार्यहरु गराउनु पर्नेछ ।

३.दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले विक्रि गर्ने स्थान सफा, स्वास्थ्य र गुणस्तर युक्त दूधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४.दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।

५.दोश्रो पक्षले यो सम्झौता अनुसार कार्य नगरेमा वा उपलव्ध श्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फी रुपमा प्रचलित कानुन वमोजिम अनुदान रकम असुल गर्न सक्नेछ ।

६.यस सम्झौतामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानुन वमोजिम हुनेछ ।

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

आज्ञाले
चन्द्रकान्त चौधरी
प्रमुख प्रशासकीय अधिकृत